
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ९ गते सोमबार ❑ 25 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## अनुशासित, मर्यादित र उत्तरदायी सेवा प्रवाह गर्नुहोस् : मन्त्री चौधरी

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन

संघीय सरकारकाखानेपानीमन्त्रीउमाकान्त चौधरीले खानेपानी संस्थानका कर्मचारीहरूले जनतालाई सरल र सहज सेवा प्रदान गर्नुपर्ने बताउनुभएको छ।

नेपाल खानेपानी संस्थान पोखरा शाखाको आज अनुगमनपछि कर्मचारीहरूसँगको छलफल कार्यक्रममा उहाँले अनुशासित, मर्यादित र जनताप्रति उत्तरदायी भएर सेवा प्रवाह गर्न कर्मचारीलाई निर्देशन दिनुभयो। मन्त्री चौधरीले पर्यटकीय सहर पोखरामा आपूर्ति हुने पानी शुद्ध हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जापान अन्तर्राष्ट्रिय सहयोग निकोग (जाइका)ले निर्माण गरिरहेको पोखरा खानेपानी सुधार आयोजनाको काम अहिले ८५ प्रतिशत सकिएको छ । यस आयोजना सम्पन्न भएपछि पर्यटकीय सहर पोखराको पानी शुद्ध, स्वच्छ र सफा हुनुपर्दछ।"

मन्त्री चौधरीले उपभोक्ता समितिहरूले महङ्गो शुल्क लिएर धारा जडानका लागि सिफारिस गर्ने गरेको पाइएको भन्दै त्यसको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । खानेपानी नैसर्गिक अधिकार भएकाले सरकारले सबै घरधुरीलाई 'एक घर एक धारा'को अवधारणाअनुसार काम अघि बढाएको बताउनुभयो । छिट्टै खानेपानी तथा सरसफाइ ऐन पारित हुने तयारीमा रहेको जानकारी दिँदै उहाँले संस्थानको कर्मचारी सेवा सर्त विनियमावली छिट्टै उपलब्ध गराउन मन्त्रालय लागिपरेको उल्लेख गर्नुभयो।

संस्थानका महाप्रबन्धक ईश्वर प्रसादले सबै कर्मचारी मिलेर संस्थान बचाउन सक्नुपर्ने बताउँदै पोखरा शाखा संस्थानकै नमूना शाखा बन्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

संस्थान पोखरा शाखाका प्रमुख आशिष कार्कीले संस्थानको आर्थिक, पानी वितरण प्रणाली, नयाँ योजना, मुहान र उपभोक्तासहितको विवरणबारे जानकारी गराउनुभयो।

नेपाल खानेपानी संस्थान कर्मचारी सङ्घका केन्द्रीय अध्यक्ष केदार धमलाले संस्थानमा कार्यरत कर्मचारीमाथि विभेद अन्त्य हुनुपर्ने धारणा राख्दै दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई करार सेवामा लैजान व्यवस्थापन समग्र आग्रह गर्नुभयो।

## वीपीको ४० औं स्मृति दिवसमा विचार गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन




वीपीको ४० औं स्मृति दिवसको सन्दर्भमा प्रजातान्त्रिक विचार समाज कास्कीको आयोजनामा वीपीको प्रजातान्त्रिक समाजवाद र वर्तमान राजनीतिक सन्दर्भ विषयक विचार गोष्ठी शनिवार सम्पन्न भयो।

संस्थाको उद्देश्य अनुरुप प्रजातान्त्रिक विचार समाज कास्की शाखाले नियमिति रुपमा कार्यशाला गोष्ठी, अन्तरक्रिया तथा प्रवाह प्रकाशन गरी प्रजातन्त्रको मुलभुत आदर्श, मान्यता, मानव अधिकार, संसदीय शासन प्रणाली र बहुलवादलाई संस्थागत गर्न बौद्धिक तहवाट कार्यहरु गर्दै आइरहेको कास्की शाखाका अध्यक्ष डा.वीरवहादुर कार्कीले वताए। गोष्ठीमा प्रा. कृष्ण खनाल प्रमुख वक्ता रहेका थिए । प्रजातान्त्रिक विचार समाज केन्द्रिय अध्यक्ष डा.केदार नरसिंह केसीले वीपीको वारे चर्चा गरेका थिए। प्रजातान्त्रिक विचार समाज कास्कीका अध्यक्ष डा. वीरवहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य गुरु वराल, नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, काँग्रसका नेता द्धय शारदा पौडेल,देवराजचालिसे,शिक्षासेवी रमेश भट्टराई, कपिलमणी दाहाल लगायत वोलेको कार्यक्रममा कास्कीका सल्लाहकार डा. बासुदेव भण्डारीले कार्यक्रम माथि प्रकाश परेका थिए भने सस्थाका उपाध्यक्ष शिसुकला पराजुलीले स्वागत र सचिव भीमप्रासाद न्यौपानेले संचलान गरेका थिए।

## मतदान स्थल र मतदान केन्द्र पुनरावलोकन गरिँदै

रासस
काठमाडौं, ८ साउन

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर मतदान स्थल र मतदान केन्द्र पुनरावलोकनका लागि कार्ययोजना तयार गरेको छ।

आयोगले सोका लागि यही साउन १ गतेदेखि भदौ ७ गतेसम्म कार्यक्रम सञ्चालन हुने गरी आयोगको गत असार ३१ गतेको निर्णयअनुसार कार्यक्रम स्वीकृत गरी जिल्ला जिल्लामा पठाइसकिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययीरूपबाट सम्पन्न गर्न पुनरावलोकन कार्यलाई प्रभावकारी बनाउन आज मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको बैठक भएको छ।

समितिले आवश्यक पूर्वाधारसहित पायक पर्ने स्थानमा मतदानस्थल तथा मतदानकेन्द्र निर्धारण गरी पुनरावलोकन गर्दै सिफारिस गरी पठाउने सम्बन्धमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिन नेपाल सरकार, गृह मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयहरूलाई अनुरोध गरेको छ।

यस्तै समितिले जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट आयोजना गरिएको छलफल कार्यक्रम र बैठकमा अनिवार्यरूपमा सहभागी हुनका लागि सम्बन्धित राजनीतिक दलका जिल्लास्तरीय सङ्गठनलाई आवश्यक निर्देशन हुन आयोगमा दर्ता भएका सबै राजनीतिक दलहरूलाई पत्राचार गर्ने निर्णय पनि गरेको छ।

## कारागार व्यवस्थापन विधेयक पारित

रासस
काठमाडौं, ८ साउन

प्रतिनिधिसभाको आजको बैठकमा 'कारागार व्यवस्थापन विधेयक, २०७६' पारित भएको छ।

राज्यव्यवस्था तथा सुशासन समितिबाट प्राप्त प्रतिवेदनसहित आएको उक्त विधेयक पारित गरियोस् भनी गृहमन्त्री बालकृष्ण खाणले सदनमा प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विकास निर्माणमा ढिलासुस्ती नहोस् : वरिष्ठ नेता

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकास निर्माणका काममा ढिलासुस्ती नगर्न सुझाव दिनुभएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँको समन्वयमा आज आयोजित सरकारी कार्यालयका प्रमुखहरुसँगको छलफल कार्यक्रममा वरिष्ठ नेता पौडेलले विकास निर्माणका काममा ढिलासुस्ती गर्नेलाई कानूनबमोजिम कारबाही गर्नुपर्ने बताउनुभयो । तनहुँ जिल्लामा भइरहेका विकास गतिविधिबारे चासो राख्दै वरिष्ठ नेता पौडेलले भन्नुभयो, 'विकास निर्माणका काममा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जरोटुप्पोमा डा.इन्दुलको आत्मालोचना

पोखरापत्र संवाददाता
पोखरा, ८ साउन




जरोटुप्पो संरक्षण साहित्य समाज नेपालमा डा. इन्दुल केसी आत्मालोचनासहित प्रस्तुत भए।

आइतबार पोखरामा सम्पन्न आफ्नो आँखामा आफैं डा. इन्दुल केसीको आत्मालोचना शीर्षक दिइएको कार्यक्रममा केसीले जीवनका विभिन्न उत्तरचढावका अनुभूति प्रस्तुत गरे। कुनै समय पोखराको स्थानीय विकास अधिकारीको भूमिकामा रहेको स्मरण गर्दै केसीले आफ्नो सम्पत्ति विवरण शीर्षकको कविता सुनाएर आत्मालोचना शुरु गरेका थिए।

कवितामा राजनीतिक नेतृत्वलाई कठोर व्यङ्ग्य गर्दै आफ्नो सम्पत्ति आफ्नो सामान्य घर र परिवारमात्र रहेको उल्लेख थियो। भूइँचालो कविताका सन्दर्भमा बोल्दै केसीले आफूले २०६५ सालमा भूइँचालो कृति प्रकाशन गरेको र २०७२ सालमा नेपालमा विनाशकारी भूइँचालो गएपछि धैरैले कविको दूरदर्शितालाई सराहना गरे तापनि आफू साहित्यको सामान्य विद्यार्थी मात्र रहेको बताए। ८१ वर्षको वय पार गर्दै गरेका डा. केसीको उर्जा साच्चै सराहनीय लाग्थ्यो । नयाँ पुस्तालाई अभिप्रेरित गर्ने उनको हिडाइ, लेखाइ, बोलाइलाई सबैले कदर गर्थे । उनको सानिध्यमा पोखरामा कार्यक्रम गर्न पाउँदा जरोटुप्पोले खुसी महसुस गरेको वक्ताले धारणा राखेका थिए।

नेपाली विभाग पृथ्वीनारायण क्याम्पसका विभागीय प्रमुख प्रा.डा. कुसुमाकर न्यौपानेले विभागमा यसरी स्रष्टाहरुलाई ल्याएर कार्यक्रम सञ्चालन गर्न पाउँदा गर्वबोध भएको बताए। इमानका साथ आफ्नो काममा खटिदा शारीरिक रोग लाग्दैन भन्ने उनको कथन थियो।

स्वतन्त्र पत्रकार संघ नेपालका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले डा. इन्दुल केसीको परिचय राख्दै उनलाई सरल, सिर्जनशील र विलक्षण प्रतिभाका रुपमा चिनाए । पत्रकार बन्नु त स्वतन्त्र बन्नु, स्वतन्त्रलाई नै हो पत्रकार भन्नु भन्ने मूल नारालाई आत्मसात गरेर डा. इन्दुल केसीलाई पनि संघमा पाउनु संघका लागि गौरव भएको धारणा राखे । पोखरा वडा नं. १ का वडा सदस्य रामजीप्रसाद पौडेलले राजनीतिले देश आक्रान्त बनेको बेला साहित्यकार, शिक्षक र प्राध्यापकहरु आफ्नो कर्ममा इमान्दार हुन सके देशमा सुशासन आउने बताए । उनले राजनीति बाहिर देखे जस्तो र बोले जस्तो नभएकाले त्यसलाई व्यवहारमा देखाउन विभिन्न उल्झन पार गर्नुपर्ने र जिम्मेवारी बोध गर्नुपर्ने सम्पूर्ण जनप्रतिनिधिको पहिलो जिम्मेवारी हो भन्नेमा जोड दिएका थिए।

गीताञ्जली साहित्य परिवारका पूर्व अध्यक्ष शिवप्रसाद गौतमले साहित्यकारहरुको निकटता पाउँदा आफूलाई धैरै खुसी लाग्ने गरेको अभिव्यक्ति दिँदै पोखराको एउटा ब्राण्डका रुपमा जरोटुप्पो मौलाउँदै आएको बताए । कार्यक्रममा सहायक क्याम्पस प्रमुख यादवराज उपाध्याय, साहित्यकार तथा पत्रकारहरु विनोद अधिकारी, बद्री दुलाल, अभिमन्युविक्रम राणा, कृष्ण सारथि, निरु पोखरेल, महेशजंग कुँवर, उपेश नौवांग, खोज पत्रकार गणेशबज्र लामालगायतले आ-आफ्ना धारणा राखेका थिए।

सोही समारोह बीच नेपाली विभाग पृथ्वीनारायण क्याम्पसका प्राध्यापक चूडामणि खनाल, पूर्व विभागीय प्रमुख कुलप्रसाद खनाल र कविवर तेजनाथ घिमिरेको स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरिएको थियो । दिवंगत तीन शिक्षासेवी र साहित्यसेवीको व्यक्तित्वबारेमा न्यौपानेले विशद् चर्चा गरेका थिए । कार्यक्रममा कोषाध्यक्ष असफल गौतमले संस्थाका गतिविधिबारे प्रकाश पारेका थिए भने साहित्यकार सावित्री गिरीले तीजे गीत गाएकी थिइन् । संस्थाका कार्यवाहक अध्यक्ष प्राडा यामबहादुर पौडेल क्षत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव मदन भण्डारीले गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि मैदानको खोजीमा टोली माछापुच्छ्रेमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि खेल मैदानको खोजि अभियान अर्न्तगत टोली कास्कीको माछापुच्छ्रे गाउँपालिकासम्म पुगेको छ।

खेलस्थल व्यबस्थापन उपसमिति संयोजक एंव राखेपका सदस्य राजेशकुमार गुरुङले नेतृत्वको टोली खेल मैदान खोजि अभियान अर्न्तगत आइतबार माछापुच्छ्रे गाउँपालिका ४ स्थित महेन्द्र माबिको खेल मैदानको अवलोकन गर्न उक्त स्थानमा पुगेको हो। उक्त मैदानमा फुटवल प्रशिक्षण गराउन सकिने अबस्था रहेको संयोजक गुरुङले बताए । त्यसै गरी टोलीले सोमबार पोखरा २५ हेमजा र नेपाली सेनाको खेल मैदानहरुको अवलोकन गर्ने कार्यक्रम तय भएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका



कार्यालय प्रमुख लक्ष्मण योगीले बताए। गण्डकी प्रदेशको राजधानि पोखरामा आधारित भई आउदो असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको लागि विभिन्न खेलहरु संचालनार्थ मैदान छनौट गर्नु पूर्व अवलोकन गर्न सुरु गरिएको संयोजक गुरुङले बताए। यस अधि टोलीले गण्डकी प्रदेश प्रहरी प्रमुख (डिआईजि) रामदत्त जोशीसंग भेटघाट गर्दै नवौं राष्ट्रिय प्रतियोगिता सफल पार्न आवश्यक सहयोग गर्न आग्रह गरेको थियो। डिआईजी जोशीले उक्त खेलकुद प्रतियोगिता सफल पार्न आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गर्ने वचन दिए। राखेप र सरकारले आयोजन गर्ने कुनै पनि प्रतियोगितामा राज्यको एउटा अंग भएको नाताले आफुहरुसंग भएको श्रोतसाधनलाई अधिकतम रुपमा परिचालन गर्दै शान्ति सुरक्षाको प्रबन्ध गर्ने बिषयमा आयोजक कमिटिलाई ढंक रनले आग्रह गरे। प्रहरी समक्ष सवारी साधनहरु कमी भएकोले तत्काल सवारी खरिद गर्न नसके पनि ३ वटा सवारी साधनहरु मर्मत गरेमा प्रयोगमा ल्याउन सकिने अबस्थामा रहेको डिआईजी जोशीको भनाई थियो।

संयोजक गुरुङको नेतृत्वमा खेलस्थल व्यबस्थापन उपसमितिका सचिव एवं पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक कृष्ण प्रसाद तिमिल्सिना, कार्यालय प्रमुख योगी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, खेलकुदकर्मी, संचारकर्मी लगायतको सहभागिता रहेको थियो। त्यस्तै टोलीले शनिबार पोखराको सहारा एकेडेमीको फुटवल मैदान अवलोकन गरेको थियो। करिब ३९ बर्ष पछि पोखरामा हुने उक्त प्रतियोगितालाई सफल पार्न गण्डकी प्रदेश बासी एवं खेलकुदकर्मीहरु एक भएका छन्। उक्त प्रतियोगितामा २ प्रर्दशन सहित ३८ खेल हुने भएको छ।

# युवालाई स्वरोजगार बनाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

पोखरा महानगरपालिकाका युवाहरूलाई लक्षित गरेर युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन गरिने भएको छ। सो कोषमार्फत पोखराका ७५० युवालाई स्वरोजगार बनाइने लक्ष्य राखिएको छ।

महानगरपालिकाले चालु आर्थिक वर्षको बजेट कार्यक्रममार्फत सो कोषमा रु पाँच करोड विनियोजन गरेकामा युवा स्वरोजगार कोष र मुक्तिनाथ विकास बैंकको तर्फबाट समेत रु पाँच-पाँच करोडका दरले लगानी गरी रु १५ करोडको कोषमार्फत कार्यक्रम सञ्चालन गर्न लागिएको हो । सो कोष सञ्चालन गर्न त्रिपक्षीय सम्झौताका लागि सैद्धान्तिक सहमति जुटेको पोखरा महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारी, मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युम्न पोखरेल र महानगरका प्रमुख आचार्यबीच कोषमार्फत कार्यक्रम छिट्टै आगाडि बढाउने सैद्धान्तिक सहमति भएको बताइन्छ । कोषमार्फत कृषि क्षेत्रमा लागेका युवा उद्यमीलाई प्राथमिकता दिइने र लगानी गरिने प्रमुख आचार्यले बताउनुभयो। कृषि उद्यमको माध्यमबाट रोजगारीसमेत अभिवृद्धि हुने विश्वास लिइएको छ । महानगर प्रमुख आचार्यले भन्नुभयो, "हालै युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक र मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृतसँग बसेर कृषि उद्यमलक्षित गर्दै स्वरोजगार कोषमार्फत युवाहरूलाई प्रोत्साहन गर्ने सम्बन्धमा हाम्रो सहमति भएको छ। यसमा हामी तीनवटै पक्षले बराबर रकम जम्मा गर्ने छौँ र बैंकमार्फत नै यसलाई अगाडि बढाउने योजनामा छौँ । खासगरी कृषि क्षेत्रमा केही गर्न चाहने युवालाई लक्षित गरेर महानगरमा रोजगार अभिवृद्धि गर्ने पनि हाम्रो चाहना हो ।" निर्देशक अधिकारीले अगामी चार वर्षसम्म यो कार्यक्रमलाई अगाडि बढाउने उद्देश्यका साथ आफूहरू अगाडि बढेको बताउनभुयो । उहाँले भन्नुभयो, "यो कार्यक्रममार्फत न्यून वर्ग र बेरोजगार युवालाई समेट्ने योजना छ। कोष अगाडि बढाउनका लागि अब औपचारिक सम्झौता गर्ने तयारीमा छौँ।" उहाँका अनुसार यो कार्यक्रम सम्झौता भएर कार्यान्वयनमा जान कम्तीमा एक महिना लाग्ने छ।

# स्वतन्त्र पत्रकारको राष्ट्रिय भेला सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

स्वतन्त्र पत्रकार संघ नेपालको जिल्ला शाखाका अध्यक्ष तथा सचिवहरुको राष्ट्रिय भेला पोखरामा सम्पन्न भएको छ।

भेलाले संगठन सुधृढ तथा विस्तार गर्ने लगायत पत्रकार हरुका हकहिताका विषयमा विभिन्न निर्णय गरेको संघका महासचिव महेश विक्रम कुँवरले जानकारी दिए । भेलाको उद्घटान संघका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले गरेका थिए। त्यस अवसरमा अध्यक्ष बास्तोलाले स्वतन्त्र पत्रकारिता गर्ने मात्र पत्रकार हुने बताउँदै पत्रकारको कार्ड भिर्दैमा कोही पत्रकार बन्न नसक्ने बताए।

'सत्यतथ्य समाचार प्रस्तुत गर्न पत्रकार स्वतन्त्र हुनै पर्छ,' उनले भने, 'पत्रकारिता जस्तो विशिष्ट तथा मार्यादित पेशा छाडेर राजनीतिक संगठनमा आबद्ध हुनेले भोली पश्चाताप गर्नुपर्ने दिन आउन सक्छ।' कतिपय अवस्थामा छद्मभेषीहरुलाई पनि पत्रकार भन्ने गरिंदा पत्रकारको गरिमामा आँच पुगेको पनि बास्तोलाले बताए।

संघका उपमहासचिव सुरेश श्रेष्ठले संस्थालाई व्यवस्थित गर्दै अगाडि बढ्नुपर्ने बताए। संघका २९ जिल्ला शाखा र राष्ट्रिय समितिका सहित ७५ जना पत्रकार आमन्त्रित उक्त भेलामा सहभागिहरुले विभिन्न सुझावहरु राखेका थिए। भेलामा संघको कास्की शाखाका अध्यक्ष असफल गौतम, काठमाडौं शाखाका अध्यक्ष पुष्करराज पाण्डे, तनहुँ शाखाका अध्यक्ष सुरेश सुनार, ललितपुरका अध्यक्ष उपेश नौबाग, मकवानपुरका अध्यक्ष गोकुल अधिकारी, पाल्पा शाखाका अध्यक्ष भोजराज भट्टराई, अछामका विष्णुबहादुर खड्का लगायतले आ-आफ्नो जिल्लाको प्रतिवेदन प्रस्तुत गरेका थिए।

संघका उपाध्यक्ष लक्ष्मी गुरुङ (तिर्सना) ले स्वागत मन्तव्य राखेको कार्यक्रम उपमहासचिव कल्याण पन्तले संचालन गरेका थिए । कार्यक्रमको दोश्रो दिन शनिबार भेलाका सहभागिहरुलाई पोखराका विभिन्न स्थलको अवलोकन भ्रमण गराइएको थियो। त्यस अवसरमा पत्रकार हरुले फेवाताल, विन्ध्यवासिनी मन्दिर, पुम्दीकोटको विशाल महादेव मुर्ति र छोरेपाटनको गुप्तेश्वर गुफा अवालोकन गरेका थिए । यसैगरी पत्रकार हरुले पोखराको पृथ्वीनारायण क्याम्पस पुगी नेपाली विभागद्वारा संचालित पुस्तकालयबारे जानकारी लिएका थिए।

## कारागार...

त्यसपछि विधेयकका बारेमा सदनमा छलफल भएको थियो । सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभाको दोस्रो बैठकमा ध्वनिमतका आधारमा विधेयक सर्वसम्मतिले पारित भएको घोषण गर्नुभयो । सभाको पहिलो बैठकमा गणपुरक सङ्ख्या नपुगेपछि १५ मिनेट स्थगित भई सञ्चालन भएको दोस्रो बैठकले विधेयक पारित गरेको हो ।

यसअघि विधेयकमाथिको छलफलमा सांसदहरूले भाग लिनुभएको थियो । उहाँहरूले उठाएका प्रश्नको गृहमन्त्री बालकृष्ण खाणले जवाफ दिनुभएको थियो । कारागारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको उक्त विधेयक सरकारले विसं २०७६ मङ्सिर २९ मा दर्ता गराएको थियो।

यसअघि पहिलो बैठकमा संसद्को शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन सदनमा पेस गर्नुभएको थियो।

## विकास...

निर्माण व्यवसायीको ढिलाइ र कमीकमजोरीलाई प्रशासनले कडाइ गर्नुपर्छ । गलत काम गरे कानूनबमोजिम दण्ड जरीवाना बेहोर्नुपर्छ भन्ने अनुभूति दिलाउनुपर्छ।'

वरिष्ठ नेता पौडेलले साउन मसान्तभित्र विकास योजनाको ठेक्का सम्झौता गरिसक्नुपर्नेमा जोड दिनुभयो। विकासका कामलाई गुणस्तरीय बनाउन सम्बन्धित कार्यालयको तर्फबाट पटक-पटक अनुगमन गर्न वरिष्ठ नेता पौडेलले आग्रह गर्नुभयो। तनहुँको विकासका लागि बजेटको कुनै कमी नहुने बताउँदै पौडेलले जिल्लाको विकासको जिम्मा आफूले लिने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा जिल्लास्थित पूर्वाधार विकास कार्यालय, सडक डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिँचाइ विकास कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुखहरुले आर्थिक वर्ष ०७८/०७९ मा सम्पन्न भएका कार्यक्रमबारे प्रस्तुती राखेका थिए । उक्त कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याललगायतको सहभागिता थियो।

# शिक्षक आवश्यकता

प्रकाशित मितिः २०७९/०४/०९ गते

यस श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर पोखरा-१३,को विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०४/०७ गते बसेको बैठकको निर्णय अनुसार यस विद्यालयको दिवा सत्र तर्फ अध्यापन गराउन तपसिल बमोजिमका करार शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुनाले योग्यता पुगेका इच्छुक, योग्य, दक्ष नेपाली नागरिकहबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ। म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

| क.स. | पद | आवश्यक संख्या | तह | विषय | योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १. | विज्ञान शिक्षक (निजी करार) | २ | प्रा.वि. | विज्ञान | क) विज्ञान मूल विषय लिई कम्तिमा द्धितीय श्रेणीमा I Ed, I Sc अथवा Class XII उत्तीर्ण। ख) सम्बन्धित विषयमा उपल्लो योग्यता प्राप्त तथा अनुभवी व्यक्तिलाई विशेष ग्राहयता दिइनेछ। |
| २ | शिक्षक (निजी करार) | १ | पूर्व प्रा.वि. ग्रेड शिक्षक | अङ्ग्रेजी | क) अग्रेजी मूल विषय लिई कम्तिमा द्वितीय श्रेणीमा I.A., I.Ed. अथवा Class XII उत्तीर्ण। ख) मन्टेश्वरी तालिम प्राप्त र अनुभवी व्यक्तिलाई विशेष ग्राहयता दिइनेछ। |

करार अविधि : शैक्षिक सत्र २०७९ चैत्र मसान्तसम्म।
उमेर : १८ वर्ष उमेर पुगी ४० वर्ष ननाघेको।
आवेदन शुल्क : रु १०००/- (अक्षरुपी एक हजार मात्र)।
परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन, अर्न्तवार्ता ।
दरखास्त दिने अन्तिम मिति : २०७९ श्रावण १५ गते आइतबार बेलुका ४ः ०० बजेसम्म।
सेवा तथा सुविधा : विद्यालयको नियमानुसार।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**
१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
३) अनुभवका प्रमाणपत्रको प्रतिलिपि

सम्पर्क मिति : २०७९ श्रावण १६ गते, सोमबार।
परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ।
नोटः अध्यापन अनुमति पत्र भएकालाई विशेष प्राथमिकता दिइनेछ।

विस्तृत जानकारीका लागिः
**भद्रकाली माध्यमिक विद्यालय**
कुँडहर, पोखरा-१३ कास्की
सम्पर्कः ०६१-५३३७८७, ५२०४९८


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# नाम राख्न नसक्ने अवस्था

मुलुक संघीय संरचनामा रुपान्तरण भएको ५ वर्ष पुरा हुन लाग्दा प्रदेश नं १ ले प्रदेशको नामाकरण गर्न सकेको छैन । प्रदेश सभाको पाँच वर्षको कार्यकाल सकिन लाग्दा तीनजना मुख्यमन्त्री बने तर आफ्नो प्रदेशको नामाकरण गर्न सकेनन् । २०७५ साल बैशाख २३ गते राजधानी तोक्न सकेको थियो । एउटै मेसोमा प्रदेशको नाम तोक्न जति सजिलो थियो पछि गाह्रो हुँदै आयो । नेपाली उखान रात रहे अग्राख पलाउँछ भने जस्तै भएको छ । नेकपासंग करिब दुई तिहाइ थियो । त्यसबेला केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड मिलेर जे नाम राख्न खोज्यो त्यही संभव थियो । अहिले सहमति जुटाउने भन्दा चर्काउनु पर्छ भन्ने हाबी हुँदैन गएका छन ।

७ मध्ये ६ प्रदेशले आफ्नो नामकरण गरिसकेका छन् । प्रदेश १ को मात्र नामकरण हुन बाँकी हुँदा त्यसको लागि तत्परता नदेखाउनु नेतृत्वको कमजोरी हो । प्रदेश नामकरणको सबालमा दलहरु गम्भीर नबन्दा पछिल्लो ५ वर्षदेखि प्रदेशबासीले अंकगणितीय पहिचान बोक्दै आएका छन् । नामकरणको विषयमा बाहिर लचिलो अभिव्यक्ति नभई प्रदेशसभामा सार्थक बहस हुनुपर्ने हो । राज्यको पुर्नसंरचनामा प्रादेशिक संरचनालाई संस्थागत गर्ने एउटा महत्वपूर्ण कार्य प्रदेशको नामकरण हो । तर, प्रदेश १ अझै पनि संख्यात्मक पहिचानमा अड्किएको छ ।' हालसम्म ३ वटा मुख्यमन्त्री पाइसकेको प्रदेश १ ले नाममात्र नपाउनु नेताहरुको कपटपूर्ण राजनीतिको बलियो रहेको छाप्रदेशको नामकरणको सबालमा तीनैजना मुख्यमन्त्री जिम्मेवार नदेखिएको कारण अहिले खेल्ने मौका पाएका छन । दुईतिहाई बहुमतसहित प्रदेश १ को पहिलो मुख्यमन्त्री बनेका शेरधन राईले नामकरण विषयलाई प्राथमिकतामा नराखेकै कारण अहिलो जटिलपूर्ण अवस्था सिर्जना भएको हो । प्रदेशसभामा संख्यात्मकमात्र नभई सुरुका दिनमा भावनात्मक एकतासहितको दुईतिहाई बहुमत थियो । शेरधर राईको नेतृत्व चुक्दा नै अहिलेको जटिल स्थिति सिर्जना भएको छ ।

राजनीतिक घटनाक्रमका कारण प्रदेश १ को दोस्रो मुख्यमन्त्री बनेका भीम आचार्यले पनि नामकरणको सबालमा सामान्य चर्चा चलाएका थिए । तर, प्रशस्त बहसमा लैजान नसक्दा नामकरणको एजेण्डाले त्यतिबेला पनि संसदमा प्रवेश पाएन । यसले सरकारको कमजोरीलाई थप मलजल गरिदिएको आरोप छ । 'प्रदेशको नामकरणको विषय कसैको प्राथमिकतामा परेन। नामले के दिन्छ ? भन्ने देखियो । अहिले आएर स्वभाविक प्रेसर र जश लिने होडमा दलहरु आ-आफ्नो अडानबाट पछि हट्ने अवस्थामा छैनन्,' उनी भन्छन्, 'यस्तो अवस्थामा प्रदेशको नामकरण टुंगो लाग्छ भन्ने कुरामा विश्वस्त हुन सकिँदैन ।'

अहिले प्रदेश सरकारको नेतृत्व मुख्यमन्त्री राजेन्द्रकुमार राईले गरेका छन् । उनले यसलाई सार्थकतापूर्वक बहसमा लैजान जरुरी छ। तर, प्रदेशको नामकरणमा सबालमा अहिले प्रदेशसभाको बहस कमजोर र सडक बलियो देखिएको छ । मुख्यमन्त्रीको सामाजिक सद्भाव खलबलिने किसिमको सार्वजनिक अभिव्यक्तिका कारण प्रदेश नामकरणको सम्भावना झनै क्षीण बन्दै गएको छ । प्रदेशको नामबारे आवश्यक छलफलका निम्ति साउन ६ गते सभामुखले सर्वदलीय बैठक बोलाएका थिए। तर, दिउँसो १ बजेदेखि बसेको उक्त बैठक पनि कुनै निष्कर्षमा नपुग्दै सकियो । प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीको आह्वानमा बसेको बैठकमा दलहरूले आफ्नो अडान राखेका थिए । तर, दलहरु लचिलो नबनेपछि बैठकले कुनै आउटपुट दिएन । प्रदेश १ मा अहिले कोशी, किराँत, कोशी-किराँत, सगरमाथा, किराँत-लिम्बुवान, शेर्पालुङ-मधेस, विराट, विजयपुर, सप्तकोशी र लिम्बुवान-खम्बुवान लगायतका नामहरु चर्चामा छन ।

माओवादी केन्द्र पनि एकल पहिचानको पक्षमा छन् । नेपाली कांग्रेसले सप्तकोशी नाम अघि सारेको छ भने नेकपा एमाले कोशी नाम प्रस्ताव गरेको छ। तर, दलहरु आ-आफ्नै अडानमा कायम रहँदा नामकरणको विषय भने जटिल बनेको छ । प्रदेश १ मा सभामुख सहित नेकपा एमालेका ३९, नेपाली कांग्रेसका २१, माओवादी केन्द्र १५, एकीकृत समाजवादीका १०, जसपाका ३ र राप्रपा तथा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका १-१ गरी ९३ जना प्रदेशसभा सदस्यहरु छन् । प्रदेशको नामकरणका लागि दुईतिहाइ बहुमत अर्थात् ६२ जना सांसदको समर्थन चाहिन्छ । जसमा ठूला ३ दलबीच नामकरणको विषयमा मतैक्यता नदेखिए नामकरणको विषयले यसपटक पनि संसदमा प्रवेश नपाउने निश्चित देखिन्छ ।

# जेमका १०० घरमा सोलार जडान

पोखरापत्र संवाददाता
म्याग्दी, ८ साउन

भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित मालिका गाउँपालिका-२ जेमका एक सय घरमा सोलार जडान गरिएको छ । गण्डकी प्रदेश सरकारको 'उज्यालो प्रदेश कार्यक्रम'अन्तर्गत खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले ५० वाट क्षमताको सोलार जडान गरेको हो । कार्यालयका ईञ्जिनीयर अञ्जन खत्रीले कार्यविधिअनुसार कार्यालयको ७५ प्रतिशत र उपभोक्ताको २५ प्रतिशत लागत साझेदारीमा एक सय घरमा सौर्य उर्जा जडान गरिएको जानकारी दिनुभयो ।

सौर्य ऊर्जा खरिद र जडानका लागि एन्क्वा फ्रेस नेपाल एण्ड सोलार प्रालिसँग आर्थिक वर्ष २०७८/७९ मा रु ११ लाख १९ हजार ३५ मा सम्झौता भएको थियो । हालसम्म केन्द्रीय प्रशारण लाइन र लघुजलविद्युत् परियोजनाको सुविधा नपुगेका बस्तीमा उज्यालो बनाउने प्रदेश सरकारको नीतिअनुसार जेममा सौर्य उर्जामार्फत विद्युत् सुविधा उपलब्ध गराइएको कार्यालय प्रमुख सुरेन्द्र पौडेलले बताउनुभयो । सोलार जडान भएपछि रातको समयमा घरायसी काम गर्न, बालबालिकालाई पढ्न, मोबाइल चार्ज गर्न, रेडियो बजाउन सहज भएको स्थानीयवासीले बताएका छन् । यसअघि उज्यालोका लागि टुकीमा निर्भर हुनुपरेको थियो । लघुजलविद्युत् परियोजना नभएका र केन्द्रीय लाइन नपुग्ने धवलागिरी गाउँपालिकाका १२० घरधुरीलाई प्रदेश सरकारमार्फत ५० वाट क्षमताको सोलार सेट वितरण गरिएको थियो । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले गत वर्ष नै काठेपोल विस्थापित गर्न मालिका गाउँपालिकालाई १९३ र धवलागिरीलाई ९० थान उपलब्ध गराएको थियो ।

# मकैको बीउ बिक्रीबाटै मनग्य आम्दानी

रासस
वालिङ, ८ साउन



स्याङ्जाको फेदीखोला गाउँपालिका-४ आरुखर्कमा रहेको जैसीडाँडा किसान समूहले मनग्य आम्दानी गर्दै आएको छ । समूहले गत आर्थिक वर्ष २०७८/७९ मा 'मनकामना-३' जातको १६ टन मकैको बीउ बिक्री गरेर १६ लाख ६४ हजार आम्दानी गरेको हो । महिलाले मात्र आबद्ध रहेको जैसीडाँडा किसान समूहले विगत एघार वर्षअघिदेखि सो जातको मकैको बीउ उत्पादन गर्दै आएको समूहकी अध्यक्ष सङ्गीता हमालले बताउनुभयो ।

"विगत एघार वर्षदेखि 'मनकामना-३' जातको मकैको बीउ उत्पादन गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "गत आर्थिक वर्षमा १६ हजार ६४१ केजी मकैको बीउ प्रतिकेजी रु एकसयका दरले बिक्री गरेका हौँ ।" २०७८/७९ मा साढे १६ टन मकैको बीउ बिक्री गरेको समूहले २०७७/७८ मा १० टन बीउ बिक्री गरी रु नौ लाख आम्दानी गरेको थियो ।

"स्याङ्जासहित देशका विभिन्न ठाउँबाट यहाँ उत्पादन गरिएको 'मनकामना-३' जातको मकैको बीउको माग अत्याधिक छ, मागअनुसार पुऱ्याउन सकेका छैनौँ", उहाँले भन्नुभयो, "यसवर्ष करिब २० टन बीउ उत्पादन हुने अनुमान गरेका थियौँ तर खडेरीकाकारण अपेक्षाअनुसार बीउ उत्पादन हुन सकेन ।"

यहाँ उत्पादन भएको बीउ स्याङ्जाका स्थानीय बजारसहित पोखरा, चितवन, गोरखा, लमजुङलगायत ठाउँमा जाने गरेको समूहकी कोषाध्यक्ष कल्पना पौडेलले बताउनुभयो । यहाँ उत्पादन भएको बीउ मकै स्याङ्जा जिल्लाभित्रका कृषिसँग सम्बन्धित कार्यालय, सङ्घसंस्था, कृषि एग्रोभेट र जिल्लाबाहिरबाट पनि माग हुने गरेकाले खपतको कुनै समस्या नभएको समूहकी कोषाध्यक्ष पौडेलले जानकारी दिनुभयो ।

उत्पादन भएको मकैको बीउको नमूना प्रयोगशालामा पठाएर उमारशक्ति, चिस्यान र शुद्धता परीक्षण गरिन्छ । परीक्षणमा योग्य भएपछि घरघरमा रहेको मकैलाई सङ्कलन केन्द्रमा ल्याएर समूहमार्फत एकमुष्ट बीउको प्रयोजनका लागि समूहमार्फत बिक्री गरिँदै आएको छ । यहाँ उत्पादन भएको बीउ मकै सुरुआतको चरणदेखि हालसम्म गुणस्तरीयता परीक्षणका क्रममा र रोपेपछि उत्पादन लिने बेलासम्म कमजोरी नदेखिएको दाबी समूहको छ । मकैको बीउ उत्पादन गर्दै आएको उक्त ठाउँमा बाँदरको समस्या भएकाले आलोपालो गरेर बाँदर कुर्ने/धपाउने चारजनालाई समूहले पुरस्कृतसमेत गरेको छ । जैसीडाँडा किसान समूहले गण्डकी प्रदेशकै सबैभन्दा धेरै उन्नत मकैको बीउ उत्पादन गर्दै आएको दाबी गाउँपालिकाका अध्यक्ष घनश्याम सुबेदीको छ ।

उन्नत जातको मकैको बीउ उत्पादन गर्दै आएको जैसीडाँडा किसान समूहलाई विगत चार वर्षदेखि गाउँपालिकाले उत्पादनमा आधारित १५ प्रतिशत नगद अनुदान उपलब्ध गराउँदै आएको छ ।

गाउँपालिकाले पटक-पटक गरी हालसम्म विभिन्न उपकरण खरिद, भण्डारका लागि आवश्यक सामग्री, तालीमका लागि पचास लाख बढी नगद अनुदान दिएको गाउँपालिकाका अध्यक्ष सुवेदीले बताउनुभयो । आरुखर्कमा उन्नत मकैको बीउ उत्पादन राम्रो भएकाले वडा नं ३ को भाटखोलास्थित लोलासरी किसान समूहलाई 'मनकामना-५' जातको उन्नत मकैको बीउ उत्पादनको पकेट क्षेत्रका रुपमा विस्तार गरिएको उहाँले जानकारी दिनुभयो । भर्खरै सुरुआत भएको उक्त पकेट क्षेत्रका लागि गाउँपालिकाले रु २५ लाख अनुदान उपलब्ध गराएको छ । "व्यावसायिक उत्पादनमा जोड दिँदै गाउँपालिकाले विगत चार वर्षदेखि उत्पादनमा आधारित कृषिजन्य उत्पादनमा १५ प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ", अध्यक्ष सुबेदीले भन्नुभयो, "गाउँपालिकाले २५ वटा कृषिजन्य उत्पादनको सूची नै बनाएर १५ प्रतिशतका दरले अनुदान उपलब्ध गराईरहेको छ ।"

# तीन किशोरी झुण्डिएको अवस्थामा फेला

रासस
झापा, ८ साउन

दक्षिणी झापाको सीमावर्ती गाउँपालिका कचनकवलमा आइतबार तीन किशोरी रुखमा झुण्डिएको अवस्थामा फेला परेका छन् । कचनकवल-५ पाठामारीस्थित सुनकोसी चिया बगानको रुखमा झुण्डिएको अवस्थामा तीन जना किशोरी फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार कचनकवल-५ की १७ वर्षीया अञ्जली गणेश, १६ वर्षीया करिना गणेश र १६ वर्षीया कल्पना गणेश बगानको बयरको रुखमा झुन्डिएको अवस्थामा फेला परेका हुन् । उनीहरूले सामूहिक आत्महत्या गरेको हुनसक्ने अनुमान गरिए पनि आत्महत्याको कारण खुलेको छैन ।

सोही चिया बगानमा काम गर्दै आएका उनीहरू शनिबार दिउँसोदेखि घरबाट सम्पर्कविहीन भएको र आइतबार बिहान रुखमा झुण्डिएको अवस्थामा स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेको उहाँले बताउनुभयो । घटनास्थलमा प्रहरी खटाएको र अनुसन्धान अगाडि बढाइएको प्रहरी नायब उपरीक्षक पाठकले बताउनुभयो ।

# थप ३४७ जनामा सङ्क्रमण पुष्टि, दुईको मृत्यु

रासस
काठमाडौं, ८ साउन

देशभर पछिल्लो २४ घण्टामा थप ३४७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने दुई जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार ८८८ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ३६० जनाले पीसीआर र एक हजार ५२८ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा ९५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार ४८९ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव पाँच प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७८ हजार २२८ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार १७७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५६ पुगेको छ। होम आइसोलेशनमा तीन हजार ३५, संस्थागत आइसोलेशनमा १४२, आईसीयू २२ र भेन्टिलेटरमा दुई जना सङ्क्रमित रहेका छन् । हाल ५०० बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ, २०० भन्दा बढी सक्रिय सङ्क्रमित रहेका जिल्लाहरूमा ललितपुर र मोरङ रहेका छन् । शून्य सङ्क्रमित रहेका जिल्लाहरूमा मनाङ, मुस्ताङ, जाजरकोट, कालीकोट, मुगु, हुम्ला, बाजुरा र डडेलधुरा छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार ७६३, ललितपुर ३१३ र भक्तपुरमा ८९ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । कूल सङ्क्रमण दर १७ प्रतिशत रहेको छ । प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ४०९ दशमलव पाँच रहेको छ ।

# नवलपुरमा ८५ प्रतिशत धान रोपाइ सम्पन्न

रासस
कावासोती, ८ साउन

नवलपरासी बर्दघाट सुस्ता पूर्व नवलपुरमा ८५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। साउनको पहिलो साताससम्मा जिल्लामा ८५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी शङ्कर पौडेलले बताउनुभयो ।

जिल्लाको तल्लो क्षेत्र गैँडाकोट, देवचुली, कावासोती, मध्यविन्दु, हुप्सेकोट, विनयी त्रिवेणीमा भने करिब ९० प्रतिशत धान रोपाइँ सकिएको छ । पहाडी क्षेत्रमा पर्ने बौदिकाली, बुलिङटारमा भने सरदर कम रोपाइँ भएको सूचना अधिकारी पौडेलले बताउनुभयो । असार मसान्तसम्ममा सबै क्षेत्रमा रोपाइँ ९० प्रतिशत कट्नुपर्ने भए पनि असारमा पानी कम परेका कारणसमेत रोपाइँ ढिलो भएको छ । कतिपय चैतेधान लगाएका, मकै लगाएका किसानले अब बल्ल रोपाइँको तयारी गरेको उहाँले बताउनुभयो । साउन १५ गतेसम्ममा जिल्लामा रोपाइँ सकिने उहाँको भनाइ छ ।

"धेरैजसो किसानले धान रोपाइँ सकेका छन्, चैते धान लगाएका, मकै लगाएका किसान भने अब रोपाइँको तयारीमा छन्", सूचना अधिकारी पौडेलले भन्नुभयो, "साउन १५ सम्म नवलपुरमा लगभग रोपाइँ सकिन्छ।" नवलपुरमा शतप्रतिशत धान रोपाइँ हुने अनुमान गरिएको सूचना अधिकारी पौडेलले बताउनुभयो । धान लगाउने समय अझै बाँकी रहेकाले शतप्रतिशत रोपाइँ सम्पन्न हुने अनुमान गरिएको उहाँले बताउनुभयो । जिल्लामा स्थानीय जातका धान सावित्री, सावा, रामधान बढी मात्रामा लगाइएको सूचना अधिकारी पौडेलले बताउनुभयो । केही मात्रामा हाइब्रिड धानसमेत लगाइएको उहाँले जानकारी दिनुभयो ।

गतवर्ष बीउका कारण कतिपय धानमा बाला नलागेकाले समस्या परेकाले अहिले बीउ छर्ने सिजनमा नै एग्रोभेटलाई सूचीकृत नभएका धान बिक्री वितरण नगर्न भनिएकाले यस पटक त्यस्तो समस्या नआउने सूचना अधिकारी पौडेलले बताउनुभयो । "बीउका कारण कहिलेकाहीँ धान उत्पादनको समयमा बाला नलाग्ने लगायतका समस्यादेखिने गर्दछ, त्यस्तो नहोस् भन्नका लागि हामीले जिल्लाका एग्रोभेटलाई सूचीकृत नभएका बीउबिक्री नगर्न सचेत गराएका थियौं", सूचना अधिकारी पौडेलले भन्नुभयो, "अहिले बीउका कारणले उत्पादनमा समस्या पर्दैन ।" नवलपुरको तल्लो क्षेत्र गैँडाकोट, अमरापुरी, हर्कपुर, रजहर, दलदले, कावासोतीको पिठौली, अग्यौली, मध्यविन्दु ,कोल्हुवा, क्षेत्रमा धेरै धानखेती लगाउने गरिन्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः उत्तम जंग गुरुङ
ठेगानाः भोज्जे-१, लमजुङ
विमा लेख नं. १३००७४५३०
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा
मो. ९८५६०२१५४७

**प्राइम लाइफ**
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २१९७९
हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १०३००००८५२ | अनिता तामाकार | धरान १६, सुनसरी , कोशी । |

# पहिराको त्रासले रित्तियो गाउँ

– तारानाथ आचार्य
बागलुङ, ८ साउन

पल्लोपाखा सामुदायिक माध्यमिक विद्यालयका दुई शिक्षकले यस वर्ष एकैपटक काम छाड्नुभयो । पढाउन थालेको झण्डै १० वर्षमा विद्यालय छाड्नुभएका राजु पौडेल र सात वर्षमा विद्यालय छाड्नुभएका विकास पौडेल विद्यालयबाट मात्रै टाढा हुनुभएन, उहाँहरू जन्मेको थातथलो नै छाडेर हिँड्नुभयो ।

बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराको टारगाउँमा रहेको पल्लोपाखा माध्यमिक विद्यालयमा अध्यापन उहाँहरू घर टुनीबोट गाउँमा पर्छ । यो गाउँबाट यस वर्ष वर्षा सुरु नहुँदै १० घरले थातथलो छाडेका छन् । राजु र विकासजस्तै अर्का शिक्षक यदुनाथ शर्मा जागिरे जीवनबाट अवकाश पाउँदाको भोलिपल्टै घर छाड्ने अर्का पात्र हुनुहुन्छ । घरखर्च चलाउनमात्रै खेती किसानी गरेर गुजारा चलाउनेदेखि विभिन्न पेशा-व्यवसायमा रहेर काम गरिरहेका अधिकांशले गाउँ छाडेका छन् । विसं २०७७ भदौ २८ र २९ गते यो गाउँमा आएको पहिराले यहाँका नौ घर पुरेको थियो । पहिरामा परेर दुई जनाको मृत्यु भयो । परापूर्वकालदेखि पहिराको त्रास नरहेको गाउँमा एक्कासी गाउँमाथिबाट आएको पहिराले घरबारी र ज्यान नै लिएपछि पुरिएका घरका विस्थापित भए । आसपासका घरहरू जोखिमकै कारण विस्थापित भए । गाउँका आधा परिवार विस्थापित भएपछि समुदाय नै मासिएको भन्दै घर छाडेर हिँड्नेको सङ्ख्या बढिरहेको छ । "न त घर जोखिममा थियो न मलाई रोजगारीको समस्या तर के गर्नु समुदाय नै नभएपछि एक्लै गाउँको घर कुरेर बस्न सकिएन्", यसै वर्ष शिक्षकको जागिरसँगै घर छाडेर हिँड्नूभएका राजुले भन्नुभयो, "पहिराले विस्थापितहरूको समयमा व्यवस्थापन र जोखिमको दिगो निकास हुन नसक्दा यो अवस्था आयो ।" बाउबाजेले आर्जेको सम्पत्ति, आफैँले बनाएको घर र खाइपाइ आएको जागिर छाडेर हिँड्दा नराम्रो लागेको उहाँले बताउनुभयो । कुनै समय निकै चहलपहल हुने टुनिबोट बस्ती अहिले सुनसान छ । त्यहाँका ४६ घरमध्ये ३१ घरमा ताला ठोकिएका छन् । घरका छेउकुना र आँगन घाँस र झाडीले भरिएका छन् । कुनै बेला घर-घरमै रोजगार भएको टुनिबोट बस्ती अहिले सुनसान र डरलाग्दो झाडीका रूपमा परिणत भएको छ । पछिल्लो समय टुनिबोटमा १५ घरपरिवारमात्रै बसोबास गर्दछन् । उनीहरुसमेत समुदायकै अभावमा गाउँ छाड्ने मानसिकतामा छन् ।

"गाउँमा बसेर के गर्नु एउटा घर ओल्लो डाँडा अर्को घर पल्लो डाँडा छ, बाँदरले समेत एक्लैलाई टेर्दैन", उहाँले भन्नुभयो, "गाउँ सकिएर जङ्गल भरियो, अब जङ्गलकै त्रासले गाउँ छाड्नुपर्ने छ ।" रोजगारीमा रहेका केहीले छाड्न नमिलेको र केही स्थानीयवासीको अन्यत्र जाने उपाय नै नभएकामात्रै गाउँमा रहेको शिक्षक राजु बताउनुहुन्छ ।

सडक नालीको प्रभावकारी व्यवस्थापन नगर्दा गएको पहिराले बस्ती उठाउने अवस्था आएको गाउँलेको आरोप छ । टुनीबोट गाउँबाट विस्थापितहरू चितवन, पोखरा, काठमाडौँ र बागलुङ बजारमा बस्ने गरेका छन् । केहीले घर बनाए भने अर्थावस्था कमजोर भएकाहरू भाडामा बसेर ज्यालादारीमा काम गरी छाक टार्छन् । दुई वर्षअघि पुरिएका घरसमेत पुनःस्थापना हुन नसकेकाले विपत्का बेला सहयोग नपाइने भन्दै उनीहरू घर छाडेको बताउँछन् ।

विपत्ले निम्त्याउने समस्या र बसाइँसराइ पछिल्लो समयको जटिल विषय भएको जैमिनी नगरप्रमुख नरबहादुर पुनको भनाइ छ । बसाइँसराइ रोकथामका लागि छलफल भइरहेको उहाँले बताउनुभयो । सुविधाकै लागि गाउँ छाडेर हिँडेकाहरूलाई फर्काउन नगरले गाउँ-गाउँमा सुविधा पुऱ्याउने उहाँले बताउनुभयो ।

पहिरो प्राकृतिक विपद् भएकाले त्यसको न्यूनीकरणमात्रै गर्न सकिने उहाँको भनाइ छ । विस्थापित र बसाइँसराइसँगै स्थानीय सीप, पूँजी र श्रमशक्तिसमेत बाहिरिने हुँदा बसाइँसराइलाई रोक्नुपर्ने स्थानीयवासीकोमागछबाढीपहिराजस्ता प्राकृतिक विपत्तिबाट जोगाउन राज्यले पहल गर्नुपर्ने, शिक्षा, स्वास्थ्यमा नागरिकको सहज पहुँच पुऱ्याउनुपर्ने, रोजगार तथा आम्दानीका स्रोत बढाउनतर्फ ध्यान दिन सके विस्थापित हुने कार्य र बसाइँसराइ गर्नेहरूको सङ्ख्यामा कमी आउने बुझाइ छ ।

# विकासका लागि मिसन राजनीति : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, ८ साउन

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकासका लागि आफूले मिसनको राजनीति गरेको बताउनुभएको छ । नेपाली कांग्रेस व्यास नगर समितिले आज दमौलीमा आयोजना गरेको छलफल कार्यक्रममा उहाँले देश विकासको मुख्य एजेण्डा लिएर नै आफूले राजनीति गर्दै आएको जिकिर गर्नुभयो ।

"मेरो व्यक्तिगत कुनै स्वार्थ छैन, देश विकास नै मुख्य स्वार्थ हो," वरिष्ठ नेता पौडेलले भन्नुभयो, "राष्ट्रका लागि सधैँभर लागिरहन्छु ।" स्वार्थी मानिससँग बच्न आग्रह गर्दै उहाँले पैसाले चुनाव लड्न खोज्नु पनि राजनीति नभएको चर्चा गर्नुभयो ।

गाउँमै रोजगारी र गाउँमै आम्दानी बढाउने मुख्य लक्ष्य अझै पनि पूरा हुन नसकेकाले मानिस सहरतिर विस्थापित भइरहेका छन् तर गाउँमै रोजगारीको वातावरण सिर्जना गर्न सके मानिस गाउँमै बस्नेमा वरिष्ठ नेता पौडेलले जोड दिनुभयो । "पार्टीभित्र सबैलाई एकै ठाउँमा हिँडाउने प्रयास गर्दै आएको छु, राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र भन्ने हुँदैन," उहाँले भन्नुभयो, "राजनीतिमा प्रतिस्पर्धा हुन्छ, कोसँग दृष्टिकोण छ त्यसलाई हेरेर जनताले रोज्नु पाउनुपर्छ ।"

कार्यक्रममा तनहुँ उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्ष इमकुमार मल्लले कांग्रेसलाई अप्ठ्यारो परेको बेला मात्र व्यवसायी खोजी गर्ने परम्परा अन्त्य गर्नुपर्ने सुझाव दिनुभयो । "चुनाव आउन लागेका बेला मात्रै व्यवसायी खोज्ने होइन, व्यवसायीको पीरमर्का के छ भन्ने बारेमा पार्टीले सधैँ चासो राख्नुपर्छ", उहाँले भन्नुभयो । व्यवसायी वैकुण्ठनाथ मिश्रले पार्टीभित्रका नेता एकजुट हुन नसकेकाले समस्या हुँदै आएको बताउनुभयो ।

# मौद्रिक नीति सकारात्मक भएको महासंघको ठहर

रासस
काठमाडौँ, ८ साउन

नेपाल घरेलु तथा साना उद्योग महासङ्घले स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने गरी सार्वजनिक भएको चालु आवको मौद्रिक नीति स्वागतयोग्य रहेको बताएको छ ।

स्वदेशी वस्तुको प्रवर्द्धन र विकासका लागि बहस पैरवी गर्दै आएको महासङ्घले माग सम्बोधन हुने गरी स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने विशेषता समेटिएको भन्दै नीतिको स्वागत गरेको हो ।

कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना उद्यम र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिई सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई निरन्तरता दिनु मौद्रिक नीतिका सकारात्मक पक्ष भएको महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहको भनाइ छ ।

लघु, घरेलु तथा साना र मध्यम उद्यमका लागि कर्जा पहुँच बढाई कर्जाको अधिकेन्द्रीकरण क्रमशः कम गर्नेतर्फ मौद्रिक नीतिले जोड दिनु, बैंक तथा वित्तीय संस्थाबाट अधिकतम रु पाँच करोडसम्म कर्जा उपयोग गरेका उद्यम व्यवसायले २०७९ असार मसान्तसम्म तिर्नुपर्ने कर्जाको सावा तथा ब्याज २०७९ असोज मसान्तसम्म भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाउने व्यवस्था गरिनु मौद्रिक नीतिको राम्रो पक्ष भएको अध्यक्ष सिंहको भनाइ छ । बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपक्षी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चापदार्थमा आधीरत उत्पादनमूलक उद्योगका लागि रु दुई करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गरिनुजस्ता व्यवस्थाले स्वदेशी उद्योगको प्रवर्द्धन र विकासमा सहयोग पुग्ने देखिएको महासङ्घको ठहर छ । मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन गर्ने र वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई उत्पादकत्व अभिवृद्धिमार्फत आयात प्रतिस्थापन गर्दै निर्यात अभिवृद्धि गरी आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने कार्यदिशा मौद्रिक नीतिले विगतको मौद्रिक नीतिले अवलम्बन गरेका सकारात्मक व्यवस्थालाई निरन्तरता दिनु स्वागतयोग्य भएको महासङ्घले जनाएको छ ।

# अपाङ्गता सुनिश्चित रोजगार अभियानमा जोड

रासस
काठमाडौँ, ८ साउन

फरक क्षमता भएका ऊर्जावान व्यक्तिलाई रोजगारको अवसर दिलाउने उद्देश्यले त्यस्ता अपाङ्गता भएका व्यक्ति र रोजगारदातालाई एकै थलोमा भेला गराउन यहाँ रोजगार सम्मेलन (इम्प्ल्यायरर्स मिट) २०२२ को आयोजना गरियो ।

अपाङ्गता सुनिश्चित रोजगार अभियानअर्न्तगत 'अपाङ्गता समावेशी रोजगारका लागि सँगसँगै' भन्ने नाराका साथ सो सम्मेलन आयोजना गरिएको हो । 'द' लेप्रोसी मिसन नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा राष्ट्रिय अपाङ्ग महासङ्घ र नेपाल उद्योग वाणिज्य महासङ्घसँगको सहकार्यमा सञ्चालित रोजगारविहीन अपाङ्गता भएका व्यक्तिका लागि ऊर्जाशील अवसर (फाउण्ड) परियोजनाको आयोजनामा भएको सो सम्मेलनमा रोजगारदाता र रोजगारको खोजीमा रहेका फरक क्षमता भएका व्यक्तिको सहभागिता रहेको थियो । सम्मेलनको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले फरक क्षमता भएका व्यक्तिलाई समान रोजगारीको अवसर दिनु सबैको नैतिक जिम्मेवारी भएकाले सम्पूर्ण रोजगारदातालाई त्यस्ता व्यक्तिलाई रोजगारीको अवसरमा प्राथमिकता दिन आग्रह गर्नुभयो । उहाँले महासङ्घको आगामी चैतमा हुने साधारणसभा अगावै कम्तीमा सय जना फरक क्षमता भएका व्यक्तिलाई रोजगारी प्रदान गरिनेछ भन्नुभयो ।

'द' लेप्रोसी मिशन नेपालका राष्ट्रिय निर्देशक शोभाखर कर्णेलले १६६ वर्षअघि स्थापना भएको दि लेप्रोसी मिसन नेपालसहित विश्वका ३२ देशमा कुष्टरोगबाट अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापना र जीवनस्तर सुधार ल्याउने काममा क्रियाशील रहेको जानकारी दिनुभयो । उहाँले फरक क्षमता भएका व्यक्तिहरुको रोजगार सुनिश्चित गर्न पहिलोपटक आयोजना गरिएको यस विकसिमको सम्मेलन महत्वपूर्ण अवसर हुने बताउनुभयो । सम्मेलनमा सहभागी रोजगारदाता कम्पनीका प्रतिनिधिहरुले निजी क्षेत्र उद्योग व्यवसायबाट नाफा आर्जनमा गर्दैनन्, सामाजिक उत्तरदायित्वबाट पनि उत्तिकै प्रेरित छन् भन्ने पुष्टि गर्न रोजगारी सिर्जना गर्दा फरक क्षमताका व्यक्तिलाई पनि अवसर दिने प्रतिबद्धता जनाएका थिए ।

अपाङ्गता भएका व्यक्तिहरुसँग असाधारण सीप र क्षमता रहने हुँदा कम्पनीलाई फाइदा हुने र व्यवसायलाई समावेशी बनाउन सकिने हुँदा आगामी दिनमा कामदारका रुपमा नियुक्त गर्दा उनीहरुलाई प्राथमिकता दिइने कम्पनीका प्रतिनिधिहरुको सामूहिक भनाइ थियो ।

सम्मेलनमा कार्यस्थलमा अपाङ्गता समावेशी तथा यस क्षेत्रमा हासिल गरिएका सफलता, चुनौती र अनुकरणीय उपायका अनुभव आदानप्रदान गरिनुका साथै अपाङ्गता समावेशी कार्यस्थल हुने गरी कम्पनीहरुको मानव संशोधन विभागको भूमिका र फाउण्ड परियोजनाका बारेमा प्रस्तुतिकरण गरिएको थियो । फाउण्ड परियोजनाले मोरङ, काठमाडौँ, ललितपुर, रुपन्देही र कपिलवस्तुमा ११ वटा परियोजनामार्फत रोजगारमूलक सीप र आत्मविश्वास जागृत गरी समावेशी रोजगारीको अभियानमा काम गर्दै आएको छ ।

# हावडा सहर तथा त्यस वरपर क्षेत्रलाई आदिकवि भानुभक्तको नामबाट नामकरण गरिने

रासस
काठमाडौँ, ८ साउन



कोलकातामा बसोबास गर्ने नेपाली समुदायले आदिकवि भानुभक्त आचार्यको २०९ औँ जन्मजयन्ती मनाएका छन् ।

नेपाली जनकल्याण समिति (हावडा)को आयोजनामा आज आयोजित कार्यक्रममा सहभागी वक्ताले संस्कृत भाषालाई नेपाली भाषामा आदिकविले अनुवाद गरी नेपाली भाषाको विकास गर्न योगदान पुऱ्याएको चर्चा गर्नुभयो । पश्चिम बङ्गालका समन्वयमन्त्री अरुप रायले कोलकाताको नजिकै रहेका हावडा सहर तथा त्यस वरपर क्षेत्रलाई आदिकवि भानुभक्तको नामबाट नामकरण गर्ने घोषणा गर्दै आदिकविको मूर्ति निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । समितिका अध्यक्ष बद्रीविक्रम थापाले विगत २५ वर्षदेखि आदिकविको स्मरणमा जन्मजयन्ती गर्दै आएको बताउँदै उहाँको सम्झनामा बिहानी पत्रिका २३ वर्षदेखि प्रकाशन गरिएको जानकारी दिनुभयो । संयुक्त नेपाली केन्द्रीय सेवा सङ्घको उपसभापति नरविक्रम थापाले नेपाली भाषा, साहित्य र संस्कृतिलाई संरक्षण गर्न आफू क्रियाशील रहेको बताउनुभयो । आयोजक संस्थाका सल्लाहकार तथा वरिष्ठ पत्रकार धर्मराज बरालले विश्वभरका नेपालीलाई एकताबद्ध गरी जोड्ने काम आदिकविले गरेको चर्चा गर्दै उहाँको योगदानलाई अन्तर्राष्ट्रिय तहमा प्रचार गर्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा मन्त्री रायले बिहानी पत्रिका विमोचन गर्नुभएको थियो भने सोही कार्यक्रममा विद्यार्थी आशा उपाध्याय बरालले आदिकविको सम्झनामा कवितावाचन गर्नुभएको थियो ।

## पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०४/०९)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्र पत्रिका मार्फत सार्वजनिक सूचना जारी गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● जंग बहादुर सार्कीको बुहारी लाल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं. १० बस्ने<br>**ऋणी : विकला सार्की**<br>● महाविरे सार्कीको नाती जंग बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं. ०२ बस्ने<br>**धनजमानत : लाल बहादुर सार्की** | **विकला सार्की**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स.वडा नं. ८/क कित्ता नं. ५६४ को क्षेत्रफल ०-१३-०-० को जग्गा |
| २ | ● हर्क बहादुर गुरुङको नाती आइ बहादुर गुरुङ्गको छोरा कास्की जिल्ला बेगनास गा.वि.स. वडा नं. ०१ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. ३१ बस्ने<br>**ऋणी : लोक बहादुर गुरुङ**<br>● आइ बहादुर गुरुङको नाती लोक बहादुर गुरुङ्गको छोरा कास्की जिल्ला पोखरा म.न.पा. ३१ बस्ने<br>**धनजमानत : राजन गुरुङ** | **लोक बहादुर गुरुङ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.वि.स. वडा नं ३ कित्ता नं. ७०६१ को क्षेत्रफल १-५-०-१ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

**प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की**

**फोन नं. : ०६१-५३८०३३**